स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्की पछिल्लो समय अभिनयसँगै फिल्म निर्माण, प्रचारप्रसार तथा सामाजिक अभियानमा सक्रिय देखिएकी छन् । उनी अभिनीत तथा निर्माणमा समेत संलग्न फिल्म "मास्टर्नी" मार्फत उनले नेपाली चलचित्रमा नयाँ विषयवस्तु प्रस्तुत गरेकी छन् । फिल्मको प्रचारप्रसार का क्रममा उनी विभिन्न सार्वजनिक कार्यक्रम तथा युवासँगको अन्तरक्रियामा सहभागी भएकी थिइन् ।

आजको विचार...



किन ...
(दुई पेजमा)

राम गुरुङ



अभिनेता नाजिर हुसेन पछिल्लो समय नयाँ चलचित्रमा आबद्ध भएसँगै चर्चामा छन् । उनी निर्देशक सौरभ चौधरीको निर्देशनमा बन्न लागेको चलचित्र "द राइज अफ सामाज्य"मा मुख्य भूमिकामा देखिने भएका छन् । डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यस चलचित्रमा नाजिरसँगै अभिनेता सौगात मल्ल र दयाहाङ राई पनि मुख्य भूमिकामा रहनेछन् ।

❐ वर्ष ३२ ❐ अंक १२१ ❐ २०८३ मंसिर १२ गते शनिबार 28 November 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

आक्रमणमा १३ सैनिकको मृत्यु

एजेन्सी

नाइजर, मंसिर ११/ पश्चिमी नाइजरको सानाम क्षेत्रमा राष्ट्रिय सुरक्षा गार्डको शिवि रमाथि सशस्त्र समूहले आक्रमण गर्दा कम्तीमा १३ सैनिकको मृत्यु भएको छ भने २० जना घाइते भएका छन्। नाइजरको रक्षा मन्त्रालयले बिहीबार भएको आक्रमणमा ठूलो संख्यामा भारी हतिया रसहितआएका आक्रमणका री संलग्न रहेको जनाएको छ । मन्त्रालयले सरकारी टेलिभिजनमार्फत जारी वक्तव्यमा घटनालाई 'आतंकवादी आक्रमण' भनेको छ । मन्त्रालयका अनुसार सुरक्षाकर्मीको जवाफी कारबाहीमाकेही आक्रमणकारी मारिएका छन् भने उनीहरूको सैन्य तथा सेल्टर संरचना नष्ट गरेका छन् । आक्रमणकारीको खोजी तथा पक्राउ गर्न सुरक्षा कारबाही जारी रहेको जनाइएको छ ।स्थानीय सञ्चारमाध्यम एक्टु नाइजर र सुरक्षा स्रोतका अनुसा र आक्रमण स्थानीय समयअनुसा र बिहान करिब ५ बजे भएको थियो । सानाम पश्चिमी नाइजरको तिलाबेरी क्षेत्रमा पर्छ । यो क्षेत्र मालीको सीमासँग जोडिएको छ र यहाँ सशस्त्र समूहहरूले सुरक्षा बलमाथि नियमित आक्रमण गर्दै आएका छन्। पछिल्लो आक्रमण कसले ग राएको हो भन्ने खुल्न सकेको छैन ।

सवारी दुर्घटना र डुबानले लियो पाँचको ज्यान, दुई जनाको शव फेला

हाम्रा संवाददाता

पाल्पा, मंसिर ११/ देशका विभिन्न जिल्लामा भएका सवारी दुर्घटना तथा डुबेर पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सर्लाही, बारा, मकवानपुर र बर्दियामा भएका छुट्टाछुट्टै सडक दुर्घटनामा चार जनाको ज्यान गएको हो भने सिरहामा डुबेर एक जनाको मृत्यु भएको हो ।

सर्लाहीको बरहथवा नगरपालिका-१७ कटानीस्थित सडकमा मलंगवाबाट सितापुरतर्फ जाँदै गरेको प्र.२-०३-००७ प ८५८० नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक २३ वर्षीय रूकेश राउतको मृत्यु भएको छ । गम्भीर घाइते भएका राउतको बरहथवास्थित भेनस अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस्तै, बाराको जीतपुर सिमरा उपमहानगरपालिका-२२ चार नम्बर पुल नजिकै हेटौंडाबाट



पथलैयातर्फ जाँदै गरेको एनएल ०१ एल ९६०० नम्बरको ट्रक अनियन्त्रित भई दुर्घटना हुँदा चालक भारतको कोलकाताका ६० वर्षीय हरियर सिंहको मृत्यु भएको छ । गम्भीर घाइते भएका उनको हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।मकवानपुरको हेटौंडा उपमहानगरपालिका-४ कर्मस्थित सडकमा बा.प्र.०३-००५ प ५१४९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई लड्दा त्यसमा सवार ६४ वर्षीया लक्ष्मी देवी पाठकलाई ट्रकले किचेको थियो । दुर्घटनामा गम्भीर घाइते भएकी पाठकको हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ । मोटरसाइकल चालक घाइते भएका छन् । प्रहरीले ट्रक चालकलाई नियन्त्रणमा लिएको छ ।

यसैगरी, बर्दियाको गेरुवा गाउँपालिका-१ जनकनगरस्थित सडकमा से.३ प ४१७० मोटरसाइकल दुर्घटना हुँदा त्यसमा सवार ३० वर्षीय हरि विकको मृत्यु भएको छ । गम्भीर घाइते भएका विकको नेपालगञ्जस्थित भेरी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य तीन जनाको नेपालगञ्जकै सन्जिवनी कलेज अफ मेडिकल साइन्समा उपचार भइरहेको छ । यसैबीच, सिरहाको लहान नगरपालिका-२० हरिनगराका २५ वर्षीय दुखि ठाकुरको घरनजिकै रहेको सार्वजनिक पोखरीमा डुबेर मृत्यु भएको छ । बिहीबार दिउँसो पोखरीमा डुबेर अशक्त भएका ठाकुरको प्रादेशिक अस्पताल लहानमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै, महोत्तरी र गुल्मीमा दुई जना मृत अवस्थामा फेला परेका छन् । महोत्तरीको सोनमा गाउँपालिका-३ खवना टोलस्थित धान खेतमा १४ वर्षीया आँचल कुमारी यादव मृत अवस्थामा फेला परेकी छन् । उनी स्थानीय रञ्जित यादवकी छोरी हुन् । गुल्मीको रेसुङगा नगरपालिका-१४ सितडाँडास्थित गोरेटो बाटोमा नाम, थर र वतन नखुलेकी अन्दाजी ४० वर्षीया महिला पनि शुक्रबार मृत अवस्थामा फेला परेकी छन् । सबै घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

विपत्को पूर्व–तयारीमा जुटौ

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता जोखिमबाट जोगिन:

- भवन तथा भौतिक संरचना निर्माण गर्दा भवन सम्बन्धी मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

एक सय ४८ सुकुम्बासी परिवारले पाए जग्गाधनी प्रमाणपुर्जा

रूपन्देही, मंसिर ११/ रूपन्देहीको मायादेवी गाउँपालिका-७ का १४८ सुकुम्बासी परिवारले १३ वर्षपछि जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका छन् ।सावित्रि हाटीबगाई गाविस-६ मा बसोबास गर्दै आएका उनीहरूको जग्गाको नापजाँच विसं २०७० मा सम्पन्न भएको थियो । नापजाँच र नक्सांकनको काम सकिए पनि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा प्रमाणपुर्जा वितरण हुन सकेको थिएन ।बलामो समयदेखि रोकिएको प्रक्रिया पूरा भएपछि गाउँपालिकाले १४८ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरेको हो ।

गाउँपालिका अध्यक्ष धुवनारायण चौधरीले लाभग्राही



परिवारलाई प्रमाणपुर्जा वितरण गरेका हुन् । जिल्ला नापी कार्यालय रूपन्देहीका अनुसार आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित परिवारलाई प्रमाणपुर्जा उपलब्ध गराइएको हो ।प्रमाणपुर्जा प्राप्त भएसँगै ती परिवारको जग्गामाथिको कानुनी स्वामित्व स्थापित भएको छ । यसबाट जग्गाको स्वामित्वसम्बन्धी कानुनी पहिचान सुनिश्चित हुनुका साथै सम्पत्तिको सुरक्षा र उपयोगमा सहज हुने अपेक्षा गरिएको छ । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

चिसोमा ख्याल गरौँ

मंसिर महिनाको सुरु देखि नै चिसो बढ्न थालेको छ । कात्तिकदेखि नै बिस्तारै तापमान न्यून हुँदै गई चिसो बढ्न थालेको छ । कात्तिकलाई उछिन्दै मङ्सिरमा थप चिसो बढेको छ । पुस तथा माघका दिन त अझ चिसो हुने नै छन् । अहिले बिहान र बेलुकाको तापक्रम घट्दै जाँदा जनजीवन प्रभावित हुन थालेको छ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी, गर्भवती महिला तथा शारीरिक रूपमा कमजोर व्यक्तिहरूलाई चिसोले बढी असर गर्ने गर्दछ । जाडो मौसम प्राकृतिक रूपमा आउने नियमित ऋतु भए पनि यस समयमा अपनाउनुपर्ने सावधानीमा ध्यान नदिँदा विभिन्न स्वास्थ्य समस्या निम्तिन सक्छन् । त्यसैले चिसोबाट बच्न समयमै सचेत हुनु आवश्यक छ । चिसो बढेसँगै रुघाखोकी, ज्वरो, निमोनिया, दम तथा श्वासप्रश्वाससम्बन्धी समस्या देखिने जोखिम बढ्छ । विशेषगरी साना बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्यमा चिसोले छिटो असर पुऱ्याउन सक्छ । यस्तो अवस्थामा न्यानो कपडा लगाउने, शरीरलाई तातो राख्ने, पोषिलो तथा तातो खानेकुरा खाने र सरसफाइमा ध्यान दिने बानी बसाल्नुपर्छ । चिसो लागिसकेपछि मात्र उपचार खोज्नुभन्दा रोग लाग्नै नदिन आवश्यक सावधानी अपनाउनु बुद्धिमानी हुन्छ ।

अर्कोतर्फ, चिसोबाट बच्ने नाममा आगो ताप्दा र कोठाभित्र कोइला, दाउरा वा ग्यास हिटर प्रयोग गर्दा विशेष सतर्कता अपनाउनुपर्छ । हावा आवतजावत नहुने गरी कोठा बन्द गरेर आगो ताप्नु वा हिटर बाल्नु अत्यन्त जोखिमपूर्ण हुन्छ । यसबाट निस्कने कार्बन मोनोअक्साइड ग्यासले निसास्सिने र ज्यानै जाने अवस्था निम्त्याउन सक्छ । त्यसैले आगो ताप्दा पर्याप्त हावा आवतजावत हुने व्यवस्था मिलाउनुपर्छ । आगो तापेर उठेपछि निभाउने र विद्युतीय उपकरण प्रयोग गर्दा पनि सावधानी अपनाउन आवश्यक छ । चिसोको सबैभन्दा बढी मार आर्थिक रूपमा कमजोर, विपन्न, असहाय तथा सडकमा आश्रित नागरिकले खेप्नुपर्ने हुन्छ । पर्याप्त न्यानो कपडा, ओढ्ने ओछ्याउने र सुरक्षित आवासको अभावमा उनीहरूको दैनिकी कष्टकर बन्ने गरेको छ । यस्तो अवस्थामा स्थानीय सरकार, सामाजिक संघसंस्था, राजनीतिक दल, नागरिक समाज तथा सहयोगी मनहरूले विपन्न परिवारलाई न्यानो कपडा, कम्बल र आवश्यक सामग्री उपलब्ध गराउन अग्रसर हुनुपर्छ । जाडोले कसैको स्वास्थ्य, जीवन र दैनिकीमा गम्भीर असर नपारोस् भन्ने उद्देश्यले सबै पक्ष सचेत र जिम्मेवार बन्न जरुरी छ । त्यसैले चिसो बढ्दै गएको यस समयमा लापरवाही नगरौँ, आफू पनि सुरक्षित रहौँ र अरूलाई पनि सुरक्षित राख्न सहयोग गरौँ ।

Opinion @ Social Network

आखिर जसले जस्तो व्यवहार गर्छ,
उसले उस्तै फल पक्कै पाउँछ ।
(नमुना चिदीको फेसबुक स्टाटसबाट www.facebook.com/Namuna.Chidi)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

किन रित्तिँदै छन् गाउँका सामुदायिक विद्यालय ?



राम गुरुङ

गत वर्ष लमजुङ जिल्लाका दुई स्थानीय तहमा सामुदायिक विद्यालयको आवधिक शिक्षा योजना निर्माण गर्ने अवसर मिलेको थियो। विद्यालयको अवस्था बुझ्ने क्रममा शिक्षा व्यवस्थापन सूचना प्रणाली (ईएमआईएस) का अभिलेख अध्ययन गर्दा पछिल्लो सातादेखि दस वर्षमा विद्यार्थी संख्या उल्लेख्य रूपमा घटेको देखियो ।एउटा विद्यालयमा ७८७ विद्यार्थीबाट घटेर २४८ जना र अर्कोमा ७८ जनाबाट घटेर पाँचजना मात्र बाँकी थिए।गाउँका घरपरिवारमा पुगेर अवस्था बुझ्दा करिब चार घरमध्ये एउटा घरमा मात्र विद्यालय जाने उमेरका बालबालिका भेटिए। प्लस टु पढ्ने उमेर समूहका किशोरकिशोरीको उपस्थिति पनि निकै कम थियो।यी अवलोकनले विद्यालयमा विद्यार्थी घट्नु र ग्रामीण घरपरिवारको बदलिँदो संरचनाबीच सम्बन्ध हुन सक्ने प्रश्न उठाए।गाउँमा रोजगारी, जीविकोपार्जन, बसोबास र पारिवारिक श्रमविन्यास परिवर्तन भइरहेका छन् भने त्यसको प्रभाव विद्यालयमा पर्दैन र ? शैक्षिक योजना बनाउँदा विद्यालयको भौतिक अवस्था, शिक्षक व्यवस्थापन र शैक्षिक गुणस्तर मात्र हेरेर पुग्छ कि विद्यालयलाई विद्यार्थी उपलब्ध गराउने घरपरिवारको सामाजिक तथा आर्थिक अवस्थालाई पनि बुझ्नुपर्छ ?ग्रामीण सामुदायिक विद्यालयमा विद्यार्थी घट्नु जनसंख्या घटेको, परिवार बसाइँ सरेको वा विद्यालय व्यवस्थापन कमजोर भएको परिणाममा मात्र सीमित छैन।रोजगारी, बजार र आर्थिक अवसर सहरी तथा अर्धसहरी क्षेत्रमा केन्द्रित हुँदै जाँदा घरपरिवारको आयस्रोत, श्रम विभाजन र बसोबासको व्यवस्था बदलिएको छ।

यसले बालबालिकाको भौगोलिक वितरण र विद्यालयको सामाजिक आधारलाई पनि प्रभावित गरेको छ।त्यस्तै, कृषि, पशुपालन र घरेलु उत्पादनमा आधारित पुस्तान्तरण हुने ज्ञान तथा सीप र औपचारिक शिक्षाले निर्माण गर्ने ज्ञान, योग्यता तथा रोजगारीका आकांक्षाबीचको सम्बन्ध पनि परिवर्तन हुँदै छ।यस लेखले ग्रामीण सामुदायिक विद्यालयको विद्यार्थी भर्ना दरमा आएको गिरावटलाई ग्रामीण घरपरिवारको आर्थिक रूपान्तरण, अवसरको असमान भौगोलिक वितरण र औपचारिक शिक्षा तथा स्थानीय उत्पादन-ज्ञान प्रणालीबीचको बदलिँदो सम्बन्धका आधारमा विश्लेषण गर्छ।

सामुदायिक विद्यालयको अवधारणा र विकास

सामुदायिक विद्यालयको सामाजिक आधार स्थानीय समुदायको सामूहिक पहल र स्रोत परिचालनमा बनेको थियो।राज्यको विस्तारले यसको संस्थागत संरचना परिवर्तन गऱ्यो र अहिले ग्रामीण घरपरिवारको आर्थिक, जनसांख्यिक तथा भौगोलिक रूपान्तरणले विद्यालयलाई टिकाइराख्ने त्यही सामाजिक आधार बदलिरहेको छ।सामुदायिक विद्यालयको अवधारणा स्थानीय समुदायको पहुँच, सहभागिता र सामूहिक स्वामित्वसँग जोडिएको छ। यसको एउटै विश्वव्यापी सुरुआत वा ढाँचा छैन।अमेरिकामा उन्नाइसौँ शताब्दीको अन्त्यतिर औद्योगिकीकरण, सहरीकरण र आप्रवासनका कारण उत्पन्न सामाजिक समस्याको सन्दर्भमा यसको विकास भयो।सन् १८८९ मा जेन एडम्सले स्थापना गरेको हल हाउस र सन् १९०२ मा जोन ड्युईले अघि सारेको विद्यालयलाई सामाजिक केन्द्र बनाउने विचारले यसलाई विस्तार गर्न योगदान गरे।उल्लिखित विचारले, मार्टिन जे. ब्ल्याङ, एटेलिया मेलाभिल र बेला पी. शाह (२००३) का अनुसार, सन् १९७० को दशकमा कम्युनिटी स्कुल एक्टका रूपमा मान्यता पाएको थियो। सार्वजनिक विद्यालय राज्यको जिम्मेवारीमा सञ्चालित हुन्छ भने सामुदायिक विद्यालयमा स्थापना, सञ्चालन र व्यवस्थापनमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुन्छ।नेपालमा सामुदायिक विद्यालयको ऐतिहासिक आधार राज्यको योजनाबद्ध विद्यालय विस्तारभन्दा पहिले स्थानीय समुदायको शैक्षिक आकांक्षा र सामूहिक स्रोत परिचालनमा बनेको थियो।राणा शासनको अन्त्यसम्म औपचारिक शिक्षा सीमित वर्गको पहुँचमा थियो। २००७ सालको राजनीतिक परिवर्तनपछि स्थानीय अगुवा, अभिभावक र दाताहरूको पहलमा विद्यालय स्थापना गर्ने क्रम विस्तार भयो। विश्व बैंकको 'एजुकेसन फर अल' कार्यक्रमसम्बन्धी मूल्याङ्कनले समुदायको यस्तो पहललाई नेपालको शैक्षिक विस्तारको महत्वपूर्ण आधार मानेको छ। यद्यपि, प्रारम्भिक विद्यालयहरूमा जातीय तथा सामाजिक पहुँचको असमानता थियो। यसले सामुदायिक पहल र समावेशी शैक्षिक पहुँच सधैँ समानार्थी थिएनन् भन्ने देखाउँछ।राज्यको शैक्षिक विस्तारले विद्यालय सञ्चालनको संस्थागत जिम्मेवारी र व्यवस्थापन संरचनालाई समुदायबाट राज्यतर्फ विस्तार गऱ्यो।विशेषगरी, २०२८ सालको शिक्षा ऐन र राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यालय व्यवस्थापन, वित्तीय प्रणाली, पाठ्यक्रम, शिक्षक सेवा र शैक्षिक निरीक्षणमा राज्यको भूमिका बढाउँदै शिक्षा प्रणालीलाई केन्द्रीकृत गऱ्यो।विश्व बैंकको ऐतिहासिक समीक्षाले सन् १९७१ पछिको अवधिमा विद्यालयको शासन र वित्तीय जिम्मेवारी स्थानीय समुदायबाट शिक्षा मन्त्रालय तथा सरकारी निकायमा सरेको उल्लेख गर्छ ।यसले विद्यालय विस्तारसँगै शिक्षा सञ्चालनमा समुदाय र राज्यबीचको जिम्मेवारीसमेत पुनर्वितरण गऱ्यो।२०४६ सालपछिको विकेन्द्रीकरण र २०५८ सालको शिक्षा ऐनको सातौँ संशोधनले विद्यालय व्यवस्थापनमा समुदायको भूमिकालाई पुन: संस्थागत गर्ने प्रयास गऱ्यो।स्थानीय स्वशासन ऐन, २०५५ ले स्थानीय निकायको भूमिका विस्तार गर्ने आधार तयार गऱ्यो भने शिक्षा ऐनको सातौँ संशोधनले विद्यालय व्यवस्थापन समितिको भूमिकालाई कानुनी आधार प्रदान गऱ्यो।त्यसपछि इच्छुक विद्यालयलाई समुदायको व्यवस्थापनमा हस्तान्तरण गर्ने नीतिगत अभ्यास अघि बढ्यो।तर सामुदायिक विद्यालयको कानुनी पहिचान र समुदायबाट प्रत्यक्ष व्यवस्थापन भएका विद्यालयबीच भिन्नता छ। विद्यालय व्यवस्थापन हस्तान्तरणसम्बन्धी अध्ययनहरूले पनि नीतिगत उद्देश्य र कार्यान्वयनबीच चुनौती रहेको देखाएका छन्। यस ऐतिहासिक प्रक्रियाले सामुदायिक विद्यालयको वर्तमान अवस्थालाई विद्यालयको आन्तरिक व्यवस्थापनको प्रश्नमा मात्र सीमित गर्न नमिल्ने देखाउँछ।स्थानीय समुदायले विद्यालय स्थापना गर्दा घरपरिवार, जनसंख्या, बसोबास र जीविकोपार्जनको संरचनाले विद्यालयलाई विद्यार्थी, श्रम, आर्थिक सहयोग र सामाजिक आधार उपलब्ध गराउँथ्यो।राज्यको केन्द्रीकरण र सामुदायिक सहभागिता विस्तार गर्ने प्रयासले विद्यालयको संस्थागत संरचना परिवर्तन गरे पनि यसको सामाजिक आधार स्थानीय समुदायमै रह्यो।अहिले ग्रामीण घरपरिवारको आर्थिक आधार, रोजगारी, बसोबास र जनसाख्यिक संरचना बदलिँदै छन्। त्यसैले विद्यार्थी घट्नु विद्यालयको व्यवस्थापन वा शैक्षिक गुणस्तरको प्रश्न मात्र होइन, विद्यालयलाई निरन्तरता दिने ग्रामीण समुदायको सामाजिक तथा आर्थिक आधारमा आएको परिवर्तनसँग पनि जोडिएको छ।

सामुदायिक विद्यालयको वर्तमान अवस्था

सामुदायिक विद्यालयमा विद्यार्थी घट्नुको अर्थ शिक्षामा बालबालिकाको सहभागिता घट्नु मात्र होइन, उनीहरूको भौगोलिक वितरण र विद्यालय छनोट बदलिनु पनि हो।परिवारको बसाइँसराइ, सहरी तथा अर्धसहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति र सामुदायिकबाट संस्थागत विद्यालयतर्फको स्थानान्तरणले कुनै गाउँको विद्यालयमा विद्यार्थी घटाउन सक्छ, जबकि ती बालबालिका विद्यालय शिक्षाबाट बाहिरिएका नहुन पनि सक्छन्।नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०२२) ले आधारभूत तहमा भएको विद्यार्थीको खुद उपस्थिति दर ९६.२ प्रतिशत देखाए पनि माध्यमिक तहमा रहेको उपस्थिति उल्लेख्य रूपमा कम रहेको देखाउँछ।यसले विद्यालयको भर्ना र समग्र शैक्षिक सहभागितालाई एउटै सूचकका रूपमा बुझ्न नमिल्ने स्पष्ट पार्छ। ग्रामीण सामुदायिक विद्यालयको विद्यार्थी आधार कमजोर हुनु गाउँको जनसंख्या र घरपरिवारको भौगोलिक पुनर्वितरणसँग पनि जोडिएको छ।रोजगारी, सेवा, बजार र शिक्षाका अवसर सहरी तथा अर्धसहरी केन्द्रमा केन्द्रित हुँदा अभिभावकसँगै बालबालिका पनि बसाइँ सर्न सक्छन् वा पढाइका लागि गाउँबाहिर रहन सक्छन्।शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विवरणअनुसार २७,२९८ सामुदायिक विद्यालयमध्ये ५५.९ प्रतिशतमा १०० भन्दा कम विद्यार्थी छन्।

कर्णाली र प्युठानका विद्यालयमा विद्यार्थी अत्यन्त न्यून भएको तथा शिक्षकको संख्या विद्यार्थीभन्दा बढी भएको समाचारले यस प्रवृत्तिको स्थानीय स्वरूप देखाउँछ।विद्यालय छनोटमा घरपरिवारको आर्थिक क्षमता र शिक्षासम्बन्धी सामाजिक आकांक्षाले सामुदायिक तथा संस्थागत विद्यालयबीच विद्यार्थीको असमान वितरण सिर्जना गर्छ।परिवारले विद्यालय छनोट गर्दा शुल्क तिर्न सक्ने क्षमता मात्र होइन, अग्रेंजी माध्यम, सामाजिक प्रतिष्ठा, शैक्षिक उपलब्धि र भविष्यको रोजगारीसम्बन्धी अपेक्षालाई पनि महत्त्व दिन्छन्। चौथो जीवनस्तर सर्वेक्षणअनुसार गरिब परिवारका ९०.८ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययन गर्छन् भने आर्थिक रूपमा राम्रै अवस्था रहेका परिवारका ५५.९ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा छन्। प्रियदर्शनी जोशी (२०१४) को अध्ययनले पनि नेपालमा विद्यालय छनोट सामाजिक वर्ग र सार्वजनिक शिक्षाप्रतिको धारणासँग जोडिएको देखाउँछ।घरपरिवारको जीविकोपार्जनमा आएको परिवर्तनले विद्यालयको सामाजिक आधारसँगै बालबालिकाको दैनिक सिकाइ र पुस्तान्तरण हुने ज्ञानको सम्बन्ध पनि पुनर्गठन गर्छ।

कृषि, पशुपालन र घरेलु उत्पादनसँगै ज्याला रोजगारी, वैदेशिक रोजगारी र गैरकृषि गतिविधिमा परिवारको संलग्नता बढ्दा श्रम विभाजन, बालबालिकाको हेरचाह र बसोबासका व्यवस्था पनि बदलिन सक्छन्। चौथो जीवनस्तर सर्वेक्षणले पनि घरपरिवारको आयमा ज्यालाको हिस्सा ३३.१ प्रतिशत र कृषि आयको हिस्सा १६.८ प्रतिशत रहेको देखाउँछ। यसले घरपरिवारको आर्थिक आधार विविध भएको संकेत गर्छ।त्यसैले सामुदायिक विद्यालयमा विद्यार्थी घट्नु ग्रामीण अर्थतन्त्र, घरपरिवारको पुनर्संरचना र औपचारिक शिक्षा तथा स्थानीय ज्ञान प्रणालीबीचको बदलिँदो सम्बन्धको विषय हो।

घरपरिवारको अर्थतन्त्र र विद्यार्थीको घट्दो क्रम

सामुदायिक विद्यालयमा विद्यार्थी घट्नु ग्रामीण जनसंख्याको संकुचन मात्र होइन, विद्यालयलाई सामाजिक आधार प्रदान गर्ने घरपरिवारको आर्थिक संरचना, श्रम सम्बन्ध र बसोबासको भौगोलिक स्वरूपमा आएको परिवर्तनको संकेत हो।परम्परागत रूपमा कृषि, पशुपालन र घरेलु उत्पादनमा आधारित ग्रामीण घरपरिवारको जीविकोपार्जन, श्रम विभाजन र बालबालिकाको दैनिक जीवन एउटै स्थानीय भूगोलमा जोडिएका थिए।तर ज्याला मजदुरी, वैदेशिक रोजगारी, गैरकृषि व्यवसाय र सेवा क्षेत्रमा बढ्दो संलग्नताले परिवारका आयस्रोत मात्र होइन, सदस्यहरूको बसोबास, हेरचाह र पारिवारिक जिम्मेवारीसमेत पुनर्गठित गरेको छ।राष्ट्रिय योजना आयोगको सोह्रौँ योजना (२०२४) ले आन्तरिक रोजगारीको सीमितता, असन्तुलित बसाइँसराइ र स्थानीय उत्पादन तथा उद्यमशीलताको कमजोर अवस्थालाई विकासका चुनौतीका रूपमा पहिचान गरेको छ। *-(बाँकी तीन पेजमा...)*

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : धैर्यको राम्रो प्रतिफल प्राप्त हुनेछ। मनमा रहेको अन्योल हट्न सक्छ।

वृष : परिस्थितिलाई स्वीकार गर्नु बुद्धिमानी हुनेछ। मन हल्का रहनेछ।

मिथुन : हतार नगरी अघि बढ्नु राम्रो हुनेछ। अनावश्यक विवादबाट टाढा रहनुहोस्।

कर्कट : जिम्मेवारी पूरा गर्दा सन्तोष मिल्नेछ। खानपिनमा लापरवाही नगर्नुहोस्।

सिंह : आशावादी सोचले मन हल्का बनाउनेछ। साँझ रमाइलो खबर सुन्न पाइनेछ।

कन्या : सन्तुलित निर्णय लाभदायक हुनेछ। समयले नयाँ सम्भावना ल्याउनेछ।

तुला : जिम्मेवारीबाट पछि नहट्नुहोस्। विचारले एउटा काम सजिलो बनाउनेछ।

वृश्चिक : समयले नयाँ सम्भावना ल्याउनेछ। परिवारको साथले मन बलियो रहनेछ।

धनु : मनका कुरा व्यक्त गर्न सहज हुनेछ। मन लागेको काममा ध्यान दिनुहोस्।

मकर : आर्थिक योजनाहरू सफल हुनेछन्। बेलुकातिर आराम गर्ने समय मिल्नेछ।

कुम्भ : समयमै निर्णय लिनु आवश्यक हुनेछ। खुसीको खबर मिल्न सक्छ।

मीन : पारिवारिक छलफल फलदायी बन्न सक्छ। मनमा शान्तिको अनुभूति हुनेछ।

साहित्य दर्पण

समीक्षा

पुष्कर अबक रेग्मी

भुटानी चारुमा १०८ जीवन दर्शन





१०८ (एक सय आठ) पूर्वीय दर्शन, गणित, धर्म, संस्कृति र योग साधनामा अत्यन्तै विशिष्ट र पवित्र मानिने अंक हो। सामान्य गणितमा यो १०७ र १०९ को बीचमा आउने एउटा पूर्णांक मात्र भए पनि पूर्वीय परम्परामा यसलाई ब्रह्माण्ड, समय, प्राण र चेतनाको समग्रता को प्रतीक मानिन्छ । जीवनका १०८ दृष्टिहरू उजागर गर्दै चारुकार लक्ष्मी दास शर्माले चारु संग्रह 'चारु सरोवर'(२०८३) प्रकाशित गरेका छन् ।

माता जानुका भण्डारी र पिता प्रभुदास भण्डारीका सुपुत्र लक्ष्मीदास शर्माको जन्म वि.सं. २०१३ वैशाख १ गतेका दिन तासीछोलिङ, साम्ची, भुटानमा भएको हो । शिक्षा स्नातक बी.एड. उत्तीर्ण गरेका शर्माले राष्ट्रिय शिक्षा संस्थान, साम्ची, भुटानमा शिक्षा सम्बन्धि तालिम लिनुका साथै लोत्छाम साहित्य प्रभा भुटान र चारु साहित्य प्रतिष्ठान भुटानमा आबद्ध रहेका छन्। लेखन तथा प्रशिक्षणमा रुचि राख्दै आएका शर्माले 'मुक्तिदाता'भजन एल्बम, 'सहज जागरण' भजन एल्बम प्रकाशित गरिसकेका छन् भने यसपटक चारु संग्रह 'चारु सरोवर' लिएर उपस्थित भएका छन्। संग्रहभित्रका चारुहरूमा क्रमशः श्री गणेश वन्दना, जीवन यात्रा, सुख दुःख, माया, हात, बुद्ध र शान्ति, क्रूर मानवीयता, आमा, मुस्कान, श्रीकृष्ण लीला, जिन्दगी, जीवन गाडी, जातपात, फूल, समय, फेसबुक, भाग्य, विरक्त जीवन, परमानन्द, बाँच्नुको अर्थ, जीवन फूल, प्रेम दीप, देश, आदत, बाँच्ने रहर, अहंता त्यागौं, कृषि शिक्षा, देशको माटो, आमाको महिमा, दया भाव, शिक्षा, संघर्षको जिन्दगी, दाजुभाइ, अवरोध, मातृभाषा, घरको माया, सफलता, प्रभु, चराचर, आधुनिकता, पुराना कथ्य, कथा, संसार अचम्म, हारजित, धनी गरिब, संसार फूल, हराएको पहिचान, अभ्यास, स्मृति, व्यवहार, हाँस्नु बोल्नु, घाम, भगवान, अस्तित्व, भुटान देश, नाम, लेखिनु मेटिनु, उतार चढाव, याद गीत, मन, चित्र विचित्र, जागृति इच्छा, मुस्कान, आकाश धर्ती, चौतारी, प्रतीक्षा, आफूलाई चिन, कठोर जीवन, सम्बन्ध, भाग्य, आगो दिल, ठूलो सानो, मन कुरा, कर्म, शिशिर वसन्त, भुटानी वीर, समय, जीवन गोरेटो, स्मृतिमा आमा, नयाँ पुरानो, बंसी कृष्ण, भोक, तँ तर म म, हरित लहर, वसन्त गीत, पृथकता, अधुरो अपुरो जीवन, पर्खाइ, जीवन मरण, वासस्थान, एकता नै बल, खाली हात, प्रेम प्रस्ताव, समय घडी, मन चंगा, सराप, सुनसान मन, लक्ष्मी प्रसाद देवकोटा, सहनशीलता, शंका, गन्तव्यको खोजी, अस्थिर मन, यात्रा, जिन्दगी, सपनाको महल, हास खेल, तिमी नै तिमी, जीवन बोध, घर व्यवहार र लक्ष्मी दास स्वयंको परिचय सहित १०८ वटा जीवन दर्शन उजागर भएका छन्। अर्थात लक्ष्मीदास शर्माको चारु संग्रह 'चारु सरोवर' मा १०८ भुटानी जीवन दर्शन रहेका छन् । आध्यात्मिक साधनामा १०८ लाई ध्यान, एकाग्रता र ऊर्जाको सन्तुलनसँग जोडिन्छ । जपमालामा १०८ दाना हुनु पनि साधकले आफ्नो श्वासप्रश्वासलाई लयबद्ध बनाओस् भन्ने हो । कुनै पनि मन्त्र १०८ पटक जप गर्दा चञ्चल मन शान्त भई भित्री चेतनाको यात्रा सुरु हुन जान्छ । हिन्दु, बौद्ध, जैन र सिख धर्महरूमा पनि १०८ को महत्त्वपूर्ण स्थान छ । हिन्दु देवदेवीको १०८ नाम पाठ गर्ने परम्परा छ । बौद्ध र जैन परम्परामा पनि १०८ गुणकरहरूको विशेष स्थान रहेको छ । सामाजिक र सांस्कृतिक अर्थ अनुसार पनि १०८ सूर्य नमस्कार, १०८ दीप प्रज्वलन, १०८ कलश पूजा प्रचलनमा छ। कतिपय सामाजिक तथा सार्वजनिक स्थानमा सेवा प्रदान गर्न १०८ लाई आपत्कालीन वा विशिष्ट सेवा नम्बरको रूपमा प्रयोगमा ल्याइएको पाइन्छ। खगोल र ज्योतिष शास्त्र अनुसार २७ नक्षत्र हुने र प्रत्येक नक्षत्रको ४ पाद गरी जम्मा १०८ ले आकाशको तारामण्डल र समयचक्र गणनाको पूर्ण विभाजनलाई जनाइरहेको पाइन्छ ।हाम्रो जीवन यात्रा आध्यात्मिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवं आपतकालीन कर्महरूको योगफल हो । जन्म र मरण बीचको सम्बन्ध हो, नाट्यशाला हो । पात्रै पात्रहरूको संवाद र कथा हो, जीवन दर्शन हो । लक्ष्मीदास शर्माको १०८ चारु सरोवर पनि जीवन दर्शन हो, जसले १०८ वटा दृष्टान्तहरू उजागर गरेका छन् । यी दृष्टान्तहरू नै वास्तवमा हाम्रा जीवन लिलाहरू हुन । चारु संस्कृत शब्द हो, जसको अर्थ सुन्दर अर्थात् मनोहर हुन्छ । विशेषतः बेबहरको गजल नै चारु हुन्। गजलमा बहर अनिवार्य छ, तर चारुमा अनिवार्य छैन । चारु राग-विरागको मिश्रण हो । कुनै वस्तु, स्थान वा व्यक्तिप्रति व्यक्त पवित्र प्रेम, मोह, स्नेह, लगाव राग हो । विकृति, विसंगति, असन्तुष्टि, अन्याय, अत्याचार, हिंसा, व्यङ्ग्य आदि विराग हुन् । चारु सरोवर यसै राग-विरागहरूको संग्रह हो । चारु साहित्य प्रतिष्ठानको कथ्य अनुसार , " बहर नजान्नेहरूका लागि गजलकै स्वादका चारु वैकल्पिक विधा बनेको छ । चारुले गजललाई परिष्कार गर्दै लगेको छ । नेपाली गजल परिमार्जनको एकमात्र विकल्प चारु बनेको छ ।'' उल्लेखित कथनलाई आत्मसात् गरी लक्ष्मीदास शर्माद्वारा लिखित एवं चारु साहित्य प्रतिष्ठानद्वारा प्रकाशित 'चारु सरोवर' का विशेषताहरू मापन गर्नुगर्दा संग्रहभित्रका सरोवरमा १०८ वटा अलग-अलग फूलहरू फक्रेका छन्। जुन फूलहरू कुनै गुलाब जस्तै काँडाबिच त कुनै कमल जस्तै शान्त तलाउमा फक्रिएका छन् ।

गजल र चारुको अन्तर जान्न चाहनेहरूका लागि प्रस्तुत संग्रह प्रस्ट रूपमा उपस्थित भएको छ । नेपाल र भारतमा मात्र नभई भुटान जस्तो मुलुकमा पनि चारु लोकप्रिय हुँदै गएको छ । १०८ मन्त्रोच्चारणले सुशोभित चारु संग्रह भुटानमा नेपाली भाषा, साहित्य, व्याकरण र लयको व्यापीकरणमा नवीनतम सिद्धान्त बनेर उभिएको छ । चारु सिक्न र लेख्न चाहनेहरूका लागि समेत उदाहरणीय रहेको छ ।चारुहरू पारखीका लागि महनीय, स्रष्टाका लागि मननीय र गजल तथा चारु साहित्यको इतिहासमा संग्रहणीय कृतिको रहन सकोस् । चारु प्रवर्तक डा. देवी पन्थीले प्रकाशकीयमा बताएझैं, "यो चारु संग्रहले भुटानबाट गजल शुद्धीकरण अभियान अन्तर्गत प्रकाशित पहिलो ऐतिहासिक संग्रहको रूपमा नेपाली साहित्यको इतिहासमा प्रथम स्थान पाउने छ।" नेपाली वाङ्मयको इतिहासमा चारु साहित्यको श्रीवृद्धिका लागि लक्ष्मीदास शर्माको कृति 'चारु सरोवर' सोध, खोज, सोच, बोध र ओजपूर्ण रहेको छ । चारुकारलाई कृतिगत सफलताको शुभकामना । 'चारु सरोवर' नेपाल र भुटानको १०८ जीवन दर्शन सहित साहित्य र साहित्यकारलाई जोड्न सफल रहोस् । **शुभकामना।**

किन रित्तिँदै छन् गाउँका ...

...त्यसैगरी विश्व बैंकको 'नेपाल कन्ट्री इकोनोमिक मेमोरेन्डम २०२५' ले पनि सीमित घरेलु रोजगारी र वैदेशिक श्रम आप्रवासनबीचको संरचनात्मक सम्बन्ध औंल्याएको छ।यसले ग्रामीण विद्यालयको विद्यार्थी आधार बुझ्न विद्यालय रहेको भूगोल मात्र नभई त्यसलाई टिकाइराख्ने घरपरिवारको आर्थिक आधार पनि विश्लेषण गर्नुपर्ने देखाउँछ।घरपरिवारको आर्थिक रूपान्तरणले बालबालिकाको बसोबास र विद्यालय छनोटलाई पुनर्गठित गर्छ। अभिभावक रोजगारीका लागि सहर वा विदेशमा रहँदा बालबालिका उनीहरूसँगै बसाइँ सर्न सक्छन् अथवा गाउँमै आफन्तको हेरचाहमा रहन सक्छन्।यसै सन्दर्भमा फानविन योडकिड, सुमित सक्सेना र जेफरसन फक्स (२०२३) ले नेपालको श्रम सर्वेक्षणमा आधारित अध्ययनबाट परिवारको एक सदस्य बाहिरिँदा घरमा रहने महिलाको कृषि, घरेलु तथा हेरचाहसम्बन्धी श्रम बढ्ने र महिलाको गैरकृषि जिम्मेवारीसमेत विस्तार हुने देखाएका छन्।चक्रपाणि आचार्य र रोबर्टो लेओन(गोन्जालेज (२०१९) ले ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँ सरेका विश्लेषण प्राप्त गर्ने परिवारले बालबालिकाको शिक्षामा तुलनात्मक रूपमा बढी लगानी गर्ने र गुणस्तरीय शिक्षाको खोजी बसाइँसराइको एउटा महत्त्वपूर्ण प्रेरणा हुने देखाएका छन्। यी निष्कर्षले गाउँमा घरजग्गा र पारिवारिक सम्बन्ध कायम रहँदैमा विद्यालय जाने उमेरका बालबालिका पनि गाउँमै रहन्छन् भन्ने सुनिश्चित नहुने देखाउँछन्।औपचारिक शिक्षालै स्थानीय जीविकोपार्जनभन्दा व्यापक श्रमबजारतर्फ उन्मुख भविष्यको आकांक्षा निर्माण गर्दा विद्यालय र स्थानीय उत्पादन प्रणालीबीचको सम्बन्ध पनि पुनर्विचार गर्नुपर्ने हुन्छ।मार्क शेफर र कृष्ण पी. पौडेल (२०२४) ले चितवनमा गरेको अध्ययनले पनि आप्रवासनसँग जोडिएका बहुपुस्तीय तथा विभाजित घरपरिवारका रणनीतिले बालबालिकाको शैक्षिक लगानी र जातीय असमानतालाई अनुभवलाई फरक ढङ्गले प्रभावित गर्ने देखाएको छ।यसले शिक्षासम्बन्धी निर्णयलाई परिवारको संरचनाबाट अलग राखेर नभिल्ने देखाउँछ। कक्षा ९-१० को सामाजिक अध्ययन पाठ्यक्रम, २०८२ ले कृषि, पर्यटन, उद्यमशीलता र परम्परागत ज्ञान समेटेको छ।तर यी विषय स्थानीय उत्पादन र बजारसँग जोडिएर सिकाइन्छन् कि सिकाईदैनन् भन्ने महत्वपूर्ण प्रश्न हो।

यसबाट दुई विश्लेषणात्मक निष्कर्ष निस्कन्छन्। पहिलो, विद्यार्थी घट्नु ग्रामीण घरपरिवारको आर्थिक तथा भौगोलिक पुनर्संरचनासँग सम्बन्धित छ।दोस्रो, औपचारिक शिक्षा, पुस्तागत ज्ञान र स्थानीय आर्थिक अवसरबीचको सम्बन्ध कमजोर हुँदा विद्यालयको सामाजिक आधार परिवर्तन हुन्छ। त्यसैले विद्यालय पुनर्संरचना विद्यार्थी संख्यामा मात्र आधारित नभई घरपरिवारको बसोबास, रोजगारी, बालबालिकाको वास्तविक पहुँच र स्थानीय उत्पादन प्रणालीलाई समेत समेटेर गरिनुपर्छ।

सामुदायिक विद्यालयको नीतिगत चुनौती

सामुदायिक विद्यालयमा विद्यार्थी घट्नु शिक्षा नीतिको कार्यान्वयनगत कमजोरी मात्र होइनह बदलिँदो ग्रामीण घरपरिवार, अर्थतन्त्र र भौगोलिक गतिशीलतासँग जोडिएको जटिल यथार्थ हो। यसले विद्यालय व्यवस्थापन समितिमा अभिभावक तथा समुदायको उपस्थिति मात्र पर्याप्त नहुने, वास्तविक निर्णय क्षमता र स्रोत परिचालनमा उनीहरूको भूमिका पनि महत्त्वपूर्ण हुने देखाउँछ।संघीयतापछि स्थानीय तहमा शिक्षा व्यवस्थापनको जिम्मेवारी विस्तार भए पनि विद्यालय नक्सांकन, शिक्षक व्यवस्थापन, स्थानीय पाठ्यक्रम र बजेट विनियोजनलाई घरपरिवारको आर्थिक तथा सामाजिक अवस्थाको विश्लेषणसँग जोड्न आवश्यक छ।अन्यथा अधिकारको विकेन्द्रीकरण प्रशासनिक जिम्मेवारी हस्तान्तरणमा सीमित हुन सक्छ।यसबाट दुई नीतिगत निष्कर्ष निस्कन्छन्। पहिलो, सामुदायिक विद्यालयको पुनर्संरचना विद्यार्थी संख्या र शिक्षक दरबन्दीको व्यवस्थापनमा मात्र सीमित हुनु हुँदैन। विद्यालय नक्सांकन र समायोजनमा बालबालिकाको वास्तविक बसोबास, घरपरिवारको रोजगारी, बसाईंसराइ, भौगोलिक पहुँच र सामाजिक असमानतालाई समेट्नुपर्छ।दोस्रो, विद्यालयको शैक्षिक भूमिका स्थानीय अर्थतन्त्र र बदलिँदो श्रमबजारसँग जोडेर पुनर्विचार गर्नुपर्छ। कृषि, पशुपालन, घरेलु उत्पादन, स्थानीय सीप र उद्यमशीलतालाई व्यावहारिक सिकाइ तथा स्थानीय आर्थिक अवसरसँग जोड्ने व्यवस्था आवश्यक छ। यसको उद्देश्य बालबालिकालाई गाउँमै बस्न बाध्य बनाउनु होइनह उनीहरूलाई स्थानीय ज्ञान र व्यापक शैक्षिक तथा पेसागत अवसरबीच सम्बन्ध स्थापित गर्न सक्षम बनाउनु हो।

सामुदायिक विद्यालयको पुनर्संरचना

सामुदायिक विद्यालयको पुनर्संरचना विद्यार्थी संख्या घटेका विद्यालय बन्द गर्ने, गाभ्ने वा शिक्षक दरबन्दी कटौती गर्ने प्रशासनिक प्रक्रियामा सीमित हुनु हुँदैन। यसको मूल उद्देश्य बदलिँदो ग्रामीण घरपरिवार, अर्थतन्त्र र सामाजिक सम्बन्धअनुसार सार्वजनिक शिक्षाको संस्थागत स्वरूप पुनर्गठन गर्नु हो।रोजगारी र आर्थिक अवसरको भौगोलिक केन्द्रीकरण, घरपरिवारको पेसागत विविधीकरण, बसाईंसराइ र बालबालिकाको बदलिँदो बसोबासले विद्यालयको परम्परागत विद्यार्थी आधार परिवर्तन गरेको छ।त्यसैले स्थानीय तहले शैक्षिक योजना निर्माण गर्दा विद्यार्थी संख्यालाई मात्र आधार नबनाई घरपरिवारको वास्तविक बसोबास, रोजगारी, बसाईंसराइ, बालबालिकाको हेरचाह र विद्यालयसम्मको भौगोलिक पहुँचसमेतविश्लेषण गर्नुपर्छ।विद्यालयको स्थान, सेवा क्षेत्र र समायोजनसम्बन्धी निर्णयमा छरिएका बस्ती, दुर्गम भूगोल र सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकाको पहुँच सुनिश्चित गर्नुपर्छ।शिक्षक व्यवस्थापन पनि विद्यार्थी संख्याका साथै तहगत आवश्यकता, विषयगत दक्षता र भौगोलिक अवस्थासँग जोडिनुपर्छ।

विद्यालय र गाउँको भविष्य

सामुदायिक विद्यालयको भविष्य विद्यालयभित्रको व्यवस्थापन, शिक्षक दरबन्दी र भौतिक पूर्वाधारले मात्र निर्धारण गर्दैन।त्यसको सामाजिक आधारका रूपमा रहेका घरपरिवारको आर्थिक अवस्था, रोजगारीका अवसर, बसोबासको स्वरूप, उत्पादन प्रणाली र सामाजिक सम्बन्धले पनि विद्यालयको निरन्तरता र सान्दर्भिकता निर्धारण गर्छन्।ग्रामीण घरपरिवारको जीविकोपार्जन र बालबालिकाको भविष्यप्रतिको आकांक्षा बदलिँदै जाँदा विद्यालयसँगको सम्बन्ध पनि बदलिन्छ।त्यसैले सामुदायिक विद्यालयमा विद्यार्थी घट्नुको प्रश्नलाई विद्यालयको संख्या, भर्ना अभियान वा स्रोत व्यवस्थापनमा मात्र सीमित गर्न मिल्दैन।यो ग्रामीण अर्थतन्त्रको रूपान्तरण, घरपरिवारको पुनर्संरचना, पुस्तान्तरण हुने ज्ञान र सीप तथा सार्वजनिक शिक्षा नीतिबीचको बदलिँदो सम्बन्धको प्रश्न हो।विद्यालयको भविष्य सुरक्षित गर्ने बहस त्यसैले गाउँको आर्थिक, सामाजिक र संस्थागत भविष्यबारेको बहसबाट अलग हुन सक्दैन। *बनलाइन खबर डटकम*

मंसिर १७ देखि लुम्बिनी राष्ट्रिय महोत्सव हुँदै



भैरहवा, मंसिर ११/ मंसिर १७ देखि २८ गतेसम्म भैरहवामा १० औं लुम्बिनी राष्ट्रिय महोत्सव हुन लागेको छ । स्वदेशी उत्पादन, स्थानीय कला-संस्कृति र उद्यमशीलताको प्रवर्द्धन गर्ने उद्देश्य राखेर सिद्धार्थ उद्योग वाणिज्य संघको महोत्सव आयोजन गर्न लागेको हो ।

महोत्सवको तयारी पुरा भएको आयोजकले जनाएको छ । संघले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरेर भैरहवाको अञ्चलपुरस्थित मैदानमा महोत्सवको तयारी पूरा भएको जानकारी गराएको हो । संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले महोत्सव स्थलमा स्टल निर्माण, सचिवालय व्यवस्थापन, सुरक्षा प्रवन्ध लगायत काम सकिएको बताए । 'अब मञ्च निर्माणको काम सकिन लागेको छ,'उनले भने,'९० प्रतिशत तयारीका काम सकिएका छन् । छिटफुट काम शनिबार सम्म पूरा हुनेछन् ।' उनका अनुसार महोत्सवमा कुल २ सय ५० स्टल रहनेछन् । शुक्रबारसम्म २ सय ४० स्टल बुकिङ भइसकेका छन् । बाँकी १० स्टलको बुकिङ पनि छिट्टै पूरा हुने उनको भनाइ छ ।

यसपटकको महोत्सवले नयाँ उद्यमशीलताको विकास र स्वदेशी उत्पादनको बजारीकरणलाई विशेष प्राथमिकता दिएको संघले जनाएको छ । नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले लुम्बिनी राष्ट्रिय महोत्सव रुपन्देहीको गौरवका रूपमा स्थापित भएको बताए । २०६१ सालदेखि भैरहवामा सुरु भएको महोत्सवले स्वदेशी वस्तुको प्रवर्द्धनसँगै स्थानीय कला, संस्कृति र उत्पादनलाई बजारसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दै आएको उनले उल्लेख गरे । महोत्सवमा तराईदेखि हिमालसम्मका विभिन्न जिल्लाका उत्पादन प्रदर्शन गरिने श्रेष्ठले जानकारी दिए । मुस्ताङको स्याउ, दोलखाको किवीदेखि हुम्ला-जुम्लाका स्थानीय उत्पादन तथा रुपन्देहीका उद्योग प्रतिष्ठानबाट उत्पादित सामग्रीसमेत प्रदर्शनीमा राखिने उनले बताए ।

खेलकुद समाचार

एपीएफ महिला क्रिकेटको सेमिफाइनलमा



सुर्खेत, मंसिर ११/ इन्दु बर्मा र रोमा थापाको महत्वपूर्ण साझेदारीमा एपीएफ क्लबले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको महिला क्रिकेटमा मधेश प्रदेशलाई ८० रनले पराजित गरेको छ।लगातार दोस्रो जितसँगै एपीएफ सेमिफाइनलमा प्रवेश गरेको छ। एपीएफले दिएको १४४ रनको लक्ष्य पछ्याएको मधेशले ७ विकेट गुमाएर ६३ रन मात्रै बनाउन सक्यो। मधेशका सुरुआती तीन ब्याटर एलिशा यादव, सना प्रविन र कप्तान पूजा महतो रन नबनाई आउट भए।

सरस्वती चौधरीले १७ र अनुराधा चौधरीले १४ रन बनाए। रोजी कडारी ८ रनमा अविजित रहँदा सिवानी साहले ६ रन थपिन्। मधेशले १८ अतिरिक्त रन पाएको थियो।एपीएफका सुमन विष्ट र राजमती ऐरीले २-२ तथा कविता जोशी र रेखा रावलले १-१ विकेट लिए।त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले ६ विकेट गुमाएर १४३ रन बनाएको थियो।३ रनमै तीन विकेट गुमाएको एपीएफलाई इन्दु र रोमाले सम्हालेका थिए। उनीहरूले चौथो विकेटका लागि ९५ रनको साझेदारी गरे। कप्तान सीता रानामगर र राजमती ऐरी शून्यमा आउट भएपछि दबावमा परेको एपीएफका लागि यो साझेदारी महत्वपूर्ण बन्यो।इन्दुले ५१ बलमा ९ चौकासहित ५६ रन बनाइन्। इन्दु आउट भएपछि रोमाले कविता जोशीसँग मिलेर ३७ रनको साझेदारी गरिन्। रोमा ४४ बलमा ४ चौकासहित ४४ रनमा अविजित रहिन्। कविताले २३, करुणा भण्डारीले ५ र रेवती धामीले २ रन बनाइन्। एपीएफले १३ अतिरिक्त रन पाएको थियो।

अर्थ/कर्पोरेट समाचार

नेप्से साढे ८ अंकले घट्यो



पाल्पा, मंसिर ११/ साताको अन्तिम सेयर कारोबार दिन शुक्रबार नेप्से परिसूचक एकल अंकले घटेर बन्द भएको छ । नेप्से परिसूचक ८ दशमलव ५७ अंकले घटेर २ हजार ६ सय २८ दशमलव १७ विन्दुमा पुगेको हो ।

यसदिन ३ सय ५३ वटा स्क्रिप्सको १ करोड ३१ लाख ९८ हजार ७ सय ५७ कित्ता सेयर ४ अर्ब ८२ करोड ४७ लाख ३२ हजार २ सय १३ रुपैयाँमा खरिदबिक्री भए।कारोबारमा आएकामध्ये ५८ वटा स्टक्सको मूल्य बढ्दा २ सय ३ वटाको घट्यो । बाँकी १८ वटा स्टक्सको मूल्य स्थिर रह्यो । कारोबार रकमका आधारमा लक्ष्मी सनराइज बैंक शीर्षस्थानमा रह्यो । सो बैंकले २४ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो। ग्लोबल आईएमई बैंकले २१ करोडको कारोबार गर्दा हिमालयन उर्जा विकास बैंकले १५ करोड,एनआईसी एसिया बैंकले १३ करोड र घलेम्दी हाइड्रोले १२ करोडको सेयर कारोबार गरे । एनआईसी एसिया बैंकको सेयर ६.०८ प्रतिशतले बढ्दा माण्ड हाड्रोपावरको ४.७६,बेस्ट फाइनान्स कम्पनीको ४.३० प्रतिशतले बढ्यो। दुई समूहको उपसूचकबाहेक बाँकी समूहको उपसूचक नकारात्मक देखिए।बैंकिङ र नन लाइफ इन्स्योरेन्सबाहेक बाँकी समूहको उपसूचक नकारात्मक देखिएका हुन् ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई